# प्रदेश युवा स्वयंसेवा बागमती **कार्यक्रम कार्यान्वयन** कार्यविधि, २०७९

बागमती प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
प्रदेश युवा परिषद्
हेटौंडा, नेपाल

# प्रदेश युवा स्वयंसेवा बागमती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

## प्रस्तावनाः

बागमती प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालय प्रदेश युवा परिषद्को स्वीकृत बजेट कार्यक्रम कार्यान्वयन गर्नका लागि प्रदेशभित्र स्वयंसेवक परिचालन गरी स्वयंसेवा भावनालाई प्रभावकारी रुपमा सञ्चालन गरी स्वयंसेवाको माध्यमबाट प्रदेशको सेवा प्रवाह तथा विकास निर्माणमा योगदान पुर्याउन व्यवस्था भए बमोजिम सोको कार्यान्वयनका लागि आवश्यक भएकोले बागमती प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालयबाट यो कार्यविधि बनाएको छ ।

परिच्छेद -१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम प्रदेश युवा स्वयंसेवा बागमती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि युवा तथा खेलकुद मन्त्रालयवाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "कार्यकारी समिति" भन्नाले दफा ६ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ख) "निर्देशक समिति" भन्नाले दफा ४ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ ।

(घ) "स्वयंसेवक" भन्नाले प्रदेश युवा स्वयंसेवा अन्तर्गत परिचालित स्वयंसेवकलाई सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले युवा सम्बन्धी हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ ।

(च) "शैक्षिक निकाय" भन्नाले प्राविधिक वा अप्राविधिक शैक्षिक ज्ञान, सीप दिने विद्यालय, महाविद्यालय तथा विश्व विद्यालयहरुलाई सम्झनु पर्छ ।

(छ) "संघ-संस्था " भन्नाले प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएका संगठित संस्थालाई जनाउँछ ।

(ज) सार्वजनिक सेवा" भन्नाले संघ, प्रदेश र स्थानीय तहले सार्वजनिक रुपमा उपभोग गर्ने गरी व्यवस्था गरिएका सेवालाई जनाउछ ।

(ट) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिलाई जनाउँछ ।

(ड) "स्वयंसेवा" भन्नाले सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका क्षेत्रमा स्वस्फूर्त रूपमा प्रोत्साहन सुविधा लिई वा नलिई व्यक्तिगत वा संगठित रूपमा गरिने सेवालाई जनाउँछ ।

परिच्छेद -२

## स्वयंसेवक परिचालनको उद्देश्य तथा क्षेत्र

**३. स्वयंसेवक परिचालनका उद्देश्य र आधार :-**

(१) स्वयंसेवक सेवा अन्तर्गत स्वयंसेवक परिचालन गर्दा बागमती प्रदेश भित्र बसोवास गर्ने व्यक्तिबाट निश्चित अवधिका लागि सेवा लिने, सार्वजनिक सेवा प्रवाह र विकास निर्माणमा सहजीकरण गर्न समुदायस्तरबाटै स्वयंसेवी भावनाको प्रवर्द्धन गर्ने प्रमुख उद्देश्य रहनेछ ।

(२) स्वयंसेवक सेवा अन्तर्गत देहाय बमोजिमका विषयक्षेत्रहरुको सेवामा स्वयं सेवक परिचालन गर्न सकिनेछ ।

क) प्राविधिक सेवा ।

(१) शिक्षा, स्वास्थ्य र सरसफाइ

(२) कृषि तथा पशु सेवा

(३) सञ्चार प्रविधि तथा कम्प्युटर सफ्टवेयर हार्डवेयर

(४) इञ्जिनियरिङ

(५) वन तथा कृषि र वातावरण सँग सम्बन्धित

(६) निर्देशक समितिले निर्णय गरेबमोजिमका अन्य सेवा

(ख) अप्राविधिक सेवाः

(१) सामुदायिक परिचालन

(२)सार्वजनिक सेवा

३) खेलकुद क्षेत्र

(४) निर्देशक समितिले निर्णय गरेबमोजिमका अन्य सेवा

(३) स्वयंसेवक सेवा परिचालन गर्दा देहाय बमोजिमका विषयहरुलाई प्रमुख आधारको रुपमा लिइनेछ :-

(क) प्रदेश सरकारको प्रशासनिक संगठनबाट जनतालाई सेवा पुर्याउन आवश्यक देखिएका क्षेत्रहरुमा सहजीकरण गर्ने,

(ख) जनताको जीवनस्तरमा सुधार ल्याउनका लागि सरकारी स्तरबाट लगानी भई वा नभई उत्पादन क्षेत्रमा कार्यरत सहकारी संघ-संस्थाहरुद्वारा संचालित कार्यक्रमहरुमा प्राविधिक सहयोग गर्ने,

(ग) सार्वजनिक हितको लागि संचालित सामुदायिक सेवा कार्यक्रमहरुमा प्राविधिक सहयोग गर्ने,

(४) स्वयंसेवक परिचालन गर्नका लागि सहकार्य गरिने निकाय देहाय बमोजिम रहनेछन्ः-

(क) संघ, प्रदेश र स्थानीय तहका सरकारी निकायहरु,

(ख) प्रदेश युवा परिषद् र जिल्ला युवा समितिहरु

(ग) शैक्षिक संघ-संस्थाहरु,

(५) प्रदेश सरकारका निकाय र संघ-संस्थाअन्तर्गत देहाय बमोजिम स्वयंसेवक परिचालन गरिनेछ :-

(क) सहकार्य गर्न इच्छुक संघ-संस्था मन्त्रालयमा सूचीकृत भई मागको आधारमा स्वयंसेवक परिचालन गर्न सकिनेछ ।

(ख) गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समितिको मागको आधारमा स्वयंसेवक नियुक्त गरी खटाइनेछ,

(ग) प्रदेश युवा परिषद् तथा जिल्ला युवा समितिको मागको आधारमा खटाउन सकिनेछ

(६) स्वयंसेवक परिचालन गर्ने निकायहरुले देहाय बमोजिमको जिम्मेवारी बहन गर्नुपर्नेछः-

(क) खटिई आएका स्वयंसेवकहरुलाई तत्काल जिम्मेवारी दिई काममा लगाउने,

(ख) स्वयंसेवकहरुको कार्य सम्पादनको मूल्याङ्कन र सुपरिवेक्षण गर्ने,

(ग) स्वयंसेवकहरुले पाउने तोकिए बमोजिमका सेवा सुविधाहरु सरल र सहज रुपमा उपलब्ध गराउन पहल गर्ने,

(घ) खटिई आएका स्वयंसेवकहरुलाई उपलब्ध अवसरहरुका आधारमा क्षमता तथा व्यक्तित्व विकासमा सहभागी गराउने,

(ङ) स्वयंसेवकहरुका पीरमर्का/ गुनासो सुनुवाई गर्ने ।

(च) स्वयंसेवक परिचालन गर्ने निकायले नियमित रूपमा प्रदेश युवा परषद् मा प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

परिच्छेद -३

**संस्थागत व्यवस्था**

४. **निर्देशक समिति** : (१) स्वयंसेवा र स्वयंसेवक परिचालनको नीतिगत मार्गदर्शन गर्न देहाय बमोजिमको निर्देशक समिति रहने छ :-

(क) माननीय मन्त्री, युवा तथा खेलकुद मन्त्रालय वा युवा हेर्ने मन्त्रालय- अध्यक्ष

(ख)) कार्यकारी उपाध्यक्ष, प्रदेश युवा परिषद्, -सदस्य

(ग) सदस्य, प्रदेश नीति तथा योजना आयोग (युवा हेर्ने सदस्य) -सदस्य

(घ) सचिव, युवा हेर्ने मन्त्रालय -सदस्य

(ङ) कार्यालय प्रमुख, प्रदेश युवा परिषद् -सदस्य-सचिव

(२) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार बढीमा ५ जना विभिन्न मन्त्रालय तथा निकायका प्रतिनिधि र विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम गठित निर्देशक समितिको बैठकको सञ्चालन र व्यवस्थापन देहाय बमोजिम हुनेछ :-

(क) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले समितिको बैठक बोलाउने छ,

(ख) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,

(ग) समितिको बैठकमा सहभागी भए वापत सहभागीहरुले नियमानुसारको बैठक भत्ता प्राप्त गर्नेछन् ।

(घ) निर्देशक समितिले बैठक समबन्धी अन्य कार्यविधि आफैं तय गर्नेछ ।

५. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार:</u>** दफा ४ बमोजिम गठित निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्वयंसेवा सम्बन्धी प्रादेशिक नीति तर्जुमा गर्ने,

(ख) कार्यकारी समितिले स्वयंसेवकको पद र सङ्ख्या निर्धारण सम्बन्धमा गरेको सिफारिसलाई औचित्य र आवश्यकता अनुसार निर्णय गर्ने,

(ग) स्वयंसेवक परिचालनका लागि आवश्यक पर्ने स्रोतको व्यवस्था गर्ने,

(घ) कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने ।

६. **<u>कार्यकारी समितिको गठन</u>** : (१) स्वयंसेवक सेवाको कार्यक्रम सञ्चालन, छनौट तथा व्यवस्थापनमा व्यवस्थापकीय निर्देशन एवम् निर्णय गर्न देहाय बमोजिमको कार्यकारी समिति रहने छ :-

(क) कार्यकारी उपाध्यक्ष, प्रदेश युवा परिषद् -अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, युवा तथा खेलकुद मन्त्रालय -सदस्य

(ग) कार्यालय प्रमुख , प्रदेश युवा परिषद् -सदस्य-सचिव

(२) कार्यकारी समितिको बैठकको सञ्चालन र व्यवस्थापन देहाय बमोजिम हुनेछ :-

(क) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले समितिको बैठक बोलाउने छ,

(ख) कार्यकारी समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,

(ग) कार्यकारी समितिले बैठक सम्बन्धी अन्य कार्यविधि आफैं तय गर्नेछ

(घ) कार्यकारी समितिको बैठकमा आवश्यकता अनुसार बढीमा ३ जनालाई आमन्त्रीतको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

७. **<u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकार</u>** : दफा ६ बमोजिम गठित कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्वयंसेवक व्यवस्थापन कार्यलाई सहजीकरण गर्ने,

(ख) स्वयंसेवक परिचालनको विषयक्षेत्रहरुको निर्धारण र स्वयंसेवक परिचालनको तौरतरिका तयार गर्ने,

(ग) स्वयंसेवक परिचालनको क्षेत्रगत पद, सङ्ख्या निर्धारण गरी र निर्देशक समितिबाट स्वीकृत गराई सोको छनौट, बाँडफाँड र वितरण गर्ने,

(घ) स्वयंसेवक परिचालन हुने निकाय र कार्यालयको निर्धारण गर्ने,

(ङ) स्वयंसेवक छनौट तथा परिचालन र सूचीकरण सम्बन्धी आधारहरु तर्जुमा गर्ने,

(च) स्वयंसेवकको नियुक्तिको लागि तयार गरिएको सूची प्रकाशन गर्ने,

(छ) स्वयंसेवकको परिचालन कार्यविधि निर्धारण र म्यादथप सम्बन्धी निर्णय गर्ने,

(ज) स्वयंसेवकलाई दिइने पुरस्कार र सम्मानको विषयमा आवश्यक निर्णय गर्ने,

(झ) निर्देशक समितिले तोके बमोजिमको अन्य कार्य गर्ने ।

८. **<u>स्वयंसेवक सेवाको कार्यक्षेत्र</u>** :(१) स्वयंसेवक परिचालन एवं स्वयंसेवकको प्रवर्द्धन गर्ने कार्य क्षेत्र देहाय बमोजिम रहनेछः-

(क) स्वयंसेवक परिचालन, क्षमता विकास र अनुगमन तथा मूल्याङ्कन,

(ख) स्वयंसेवकको प्रवर्द्धनको लागि सहकार्य तथा सूचना व्यवस्थापन,

(ग) स्वयंसेवा र समसामयिक विषयमा कार्यकारी समितिबाट स्वीकृति लिई अध्ययन-अनुसन्धान गर्ने,

(घ) प्रदेशमा स्वयंसेवी क्रियाकलाप सञ्चालन गर्ने निकाय तथा संघ संस्थाहरुको सम्पर्क विन्दुको रुपमा कार्य गर्ने ।

(२) स्वयंसेवक सेवाले स्वयंसेवक परिचालन र स्वयंसेवाको प्रवर्द्धन कार्यका लागि समान कार्यप्रकृति भएका संघ-संस्थाहरुसँग सहकार्य गर्न सक्नेछ ।

## परिच्छेद -४

## <u>दरबन्दी संरचना, छनौट, नियुक्ति र पदस्थापन</u>

९. **<u>दरबन्दीको व्यवस्था</u>** : (१) दफा ६ को कार्यकारी समितिले शिफारिस गरेको पद तथा संख्यालाई निर्देशक समितिले आवश्यकताको आधारमा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको परिधिभित्र रही स्वीकृत गर्नेछ ।

१०. **<u>स्वयंसेवकको लागि माग संकलन</u>** : परिषद्ले स्वयंसेवकको विषयक्षेत्र र पद समेत खुलाई समय-समयमा स्वयंसेवकको माग संकलन गर्नेछ ।

११. **<u>स्वयंसेवकको आवेदन सम्बन्धी व्यवस्था</u>** : स्वयंसेवक सेवा अन्तर्गत स्वयंसेवक भई कार्य गर्न चाहने व्यक्तिका लागि तोकिएका विषयक्षेत्र र पदमा आवेदन दिन सक्ने व्यवस्था गरिनेछ ।

१२. **<u>आवेदकको सूचीकरण</u>** : (१) स्वयंसेवक सेवा अन्तर्गत स्वयंसेवकको रुपमा काम गर्न इच्छुक व्यक्तिलाई सम्बन्धित पदको लागि प्रमाणित योग्यता सहित सूचीकृत गरिने छ । सामान्यतया सूचीकरण प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) सूचीकरणका लागि समय-समयमा सार्वजनिक सूचना मार्फत् जनाकारी गराइनेछ,

(ख) आवेदकले सूचीकरणका लागि आवेदन दिनुपर्नेछ,

(ग) एक पटक सूचीकृत भइसकेपछि दुई वर्षसम्म आवेदनको वैधता रहनेछ,

(घ) प्राप्त आवेदन छानविन/रुजु गरी सो उपर स्वीकृति/अस्वीकृतिको निर्णय हुनेछ,

(ङ) स्वीकृत आवेदनको विषयक्षेत्रगत/पदगत/योग्यतागत विवरण तयार गरिनेछ,

(च) स्वीकृत आवेदनको आधारमा आवेदकलाई सम्बन्धित जिल्लामा सूचीकृत गरिनेछ,

(ज) जिल्लागत सूची तयारी गर्दा नागरिकताको ठेगानालाई आधार मानिनेछ,

(झ) बसाइसराइ र वैवाहिक सम्बन्धको हकमा सोही अनुसार हुनेछ ।

१३. **<u>स्वयंसेवक हुने योग्यताः</u>** (१) स्वयंसेवक सेवा अन्तर्गत परिचालन गरिने स्वयंसेवकहरुको योग्यता देहाय बमोजिम हुनेछः-

(क) बागमती प्रदेशको नागरिक भएको,

(ख) १८ वर्ष पुरा भै ४० वर्ष ननाघेको ।

(ग) नैतिक पतन तथा कुनै फौज्दारी अभियोग नलागेको ।

(ख) सम्बन्धित आवेदकले तोकिएको विषयक्षेत्र र पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट न्यूनतम योग्यता हासिल गरेको ।

१४. **स्वयंसेवक छनौट तथा परिचालन** : (१) स्वयंसेवक सेवा अन्तर्गत परिचालन हुने स्वयंसेवकको छनौट देहाय बमोजिमका आधारमा गरिनेछ :-

(क) सम्बन्धित पदका लागि चाहिने प्रमाणपत्रको प्राप्ताङ्कको प्रतिशतकोआधारमा । प्रतिशतको योग्यताक्रमका आधारमा,

(ख) स्वयंसेवक नियुक्तिका लागि आवेदन गर्ने व्यक्तिको अन्तर्वार्ताको योग्यताक्रमका आधारमा,

(ग) सुचिकृत भएका मध्ये परिषद्लाई आवश्यक जनशक्तिको बढीमा १० प्रतिशत प्रतिश्पर्धीहरुलाई मात्र अन्तर्वार्तामा सहभागी गराइनेछ । कुनै जिल्लामा सुचिकृत हुनेको संख्या १० भन्दा कम भएमा सोही बमोजिमको संख्यामा सहभागीहरुलाई अन्तर्वार्तामा सामेल गरिनेछ ।र प्रदेश स्वयंसेवक छनौट गरिनेछ ।

१५. **स्वयंसेवकको नियुक्ति** : (१) स्वयंसेवक सेवा अन्तर्गत परिचालित हुने स्वयंसेवकको नियुक्ति प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) कार्यकारी समितिलको शिफारिसको आधारमा स्वयंसेवक परिषद् को कार्यालयले नियुक्ति गर्नेछ ।

(ख) नियुक्त भएका स्वयंसेवकलाई प्रदेश युवा परिषद्ले प्रदेश युवा परिषद् वा जिल्ला युवा समिति मार्फत कार्यरत रहने गरी खटाउनेछ,

(ग) नियुक्तिपत्र दिँदा सामान्य अभिमुखीकरण कार्यक्रम गरी दिइने छ,

(घ) सम्बन्धित निकायलाई नियुक्तिपत्रको बोधार्थ र छुट्टै सूचना दिइने छ,

(च) नियुक्तिका मितिले ७ दिन भित्र नियुक्तिपत्र नबुझे स्वतः रद्द हुनेछ र सो स्थानमा अर्को उम्मेदवार नियुक्त गरिनेछ,

(ज) कार्य अवधि पूरा नभई एवं जानकारी नगराई सेवा छाडी जानेलाई छाड्नुपर्ने पर्याप्त र मनासिव कारण बाहेकको अवस्थामा बाँकी अवधिको लागि पुनः नियुक्त गरिनेछैन,

१६. **स्वयंसेवकको पदस्थापन** : (१) स्वयंसेवक सेवा अन्तर्गत परिचालन गरिने स्वयंसेवकको पदस्थापन देहाय बमोजिम हुनेछः-

(ग) स्वयंसेवकले नियुक्तिपत्र बुझेको मितिले ७ दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर हुनुपर्ने छ । र सम्बन्धित कार्यालयले पनि हाँजिर गराउनु पर्नेछ ।

**१७.** **स्वयंसेवकको अवकाश**: (१) कार्यकारी समितिले स्वयंसेवकलाई देहाय बमोजिमको अवस्थामा अवकाश दिन सक्नेछ :-

(क) कार्य अवधि पूरा भएमा र अर्को कार्य अवधिको म्याद थप नभएमा,

(ख) खटाएको कार्यस्थलमा सूचना नदिई लगातार १५ दिनसम्म अनुपस्थित भएमा,

(ग) सन्तोषजनक रुपमा कार्यसम्पादन नगरेमा,

(घ) दफा २१ विपरित खराब आचरण प्रदर्शन गरेमा,

(ङ) खटिएको कार्यालयले कारण खुलाई अवकाश दिने सिफारिस गरेमा र उक्त सिफारिस कार्यकारी समितिले उपयुक्त ठहर्‍याएमा ।

परिच्छेद -५

## सेवा, शर्त र सुविधा

**१८.** **स्वयंसेवकको सेवा शर्त** :(१) स्वयंसेवकको अधिकतम सेवा अवधि दुई वर्षको हुनेछ ।

(२) कार्यकारी समितिले कार्य प्रकृतिका आधारमा आवश्यकता अनुसार उपदफा (१) बमोजिमको अवधिमा नबढ्ने गरी पुन: नियुक्त गर्न वा म्याद थप गर्न सक्नेछ ।

**१९.** **स्वयंसेवकलाई दिइने सुविधा** :(१) स्वयंसेवकलाई अनुसूची -१ बमोजिमको मासिक निर्वाह भत्ता तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ ।

(२) यो कार्यविधि बमोजिम नियुक्त स्वयंसेवकको मासिक निर्वाह भत्ता लगायतको सुविधा युवा हेर्ने मन्त्रालय वा मन्त्रालयले तोकेको निकाय मार्फत दिइनेछ ।

(३) स्वयंसेवकको मासिक निर्वाह भत्ता लगायतको सुविधा परिषद् ले स्वयंसेवक परिचालन गर्ने संस्था/कार्यलयले मासिक हाँजिर प्रतिवेदन पेश गरे पश्चात मात्र सम्बन्धित व्यक्तिको खातामा भुक्तानी पठाउनु पर्नेछ ।

(४) स्वयंसेवकले आफूले गरेको मासिक प्रतिवेदन खटिएको कार्यालयलाई बुझाएपछि मात्र खटिएको संस्था/कार्यालयले मासिक निर्वाह भत्ता उपलब्ध गराउनु पर्नेछ ।

**२०.** **स्वयंसेवकको लागि विदाको व्यवस्था** : (१) स्वयंसेवकलाई देहाय बमोजिमका विदाहरुको सुविधा रहनेछ :-

(क) घर विदा : रुजु हाजिरीको आधारमा १२ दिन काम गरेपछि १ दिन घर विदा,

(ख) बिरामी विदा : रुजु हाजिरीको आधारमा प्रत्येक महिनामा १ दिन बिरामी विदा,

(ग) प्रसूति विदा : सुत्केरी हुनु भन्दा अघि र पछि गरेर जम्मा ९८ दिन (महिला स्वयंसेवकको हकमा मात्र) प्रसूति विदा दिइनेछ । यो सुविधा २ वर्षको अवधिमा एक पटक मात्र उपलब्ध हुनेछ ।

(घ) किरिया विदा : आफ्नो रीत र परम्परा अनुसार बढीमा १५ दिन किरिया विदा,

(ङ) बे-निर्वाह भत्ता विदा : स्वयंसेवकले कुनै कारणवश आफ्नो कार्य क्षेत्रमा उपस्थित हुन नसकी विदा माग गरेमा र निजको अन्य विदा संचित नभएमा स्वयंसेवकको तत्कालिन विशेष परिस्थितिलाई विचार गरी एकै पटक वा पटक-पटक गरी बढीमा ३० दिन सम्मको बे-निर्वाह भत्ता विदा ।

(२) स्वयंसेवकको विदाको स्वीकृत प्रदेश युवा परषद् को कार्यालयको प्रमुखबाट हुनेछ । बे-निर्वाह भत्ता बिदाको स्वीकृत कार्यकारी समितिका अध्यक्षबाट हुनेछ ।

(३) स्वयंसेवकले पाउने घर विदा र विरामी विदा संचित गरे वापत कुनै थप सुविधा पाइने छैन ।

(४) एक आर्थिक वर्ष भित्र पाउने विदा सोही आर्थिक वर्ष भित्रमा उपभोग गरिसक्नु पर्नेछ।

## परिच्छेद- ६
## विविध

२१. **स्वयंसेवकको आचरण** : स्वयंसेवक सेवा अन्तर्गत परिचालित स्वयंसेवकहरुको कार्य एवं जिम्मेवारीलाई मर्यादित एवं परिणाममुखी बनाउने उद्देश्यले स्वयंसेवकले अनिवार्य रुपमा पालना गर्नुपर्ने आचरण देहाय बमोजिम रहनेछन् :-

(क) सेवाग्राही प्रति समान व्यवहार गर्ने,

(ख) समय पालन र नियमितता,

(ग) इमान्दर, शिष्ट, नम्र, पारदर्शी र सदाचार व्यवहार अवलम्बन गर्नुपर्ने,

(घ) सार्वजनिक र अन्य निकायहरुको काम कारवाहीमा हस्तक्षेप गर्न नहुने,

(ङ) सामाजिक सद्भाव र शान्ति व्यवस्थामा खलल् पुर्याउने काम गर्न नहुने,

(च) दलगत आस्था र सम्बद्धता राख्न नहुने,

(ङ) प्रदेश सरकारको विद्यमान नीतिको प्रतिकूल हुनेगरी व्यवहार नगर्ने ।

२२. **<u>निःशुल्क स्वयंसेवा</u>** : स्वयंसेवक सेवा निःशुल्क गर्न चाहने व्यक्ति वा संघ-संस्थाबाट आशयपत्र लिई परिषद्ले खटाउन सक्नेछ ।

२३. **<u>विशेष परिस्थितिमा स्वयंसेवकको परिचालन</u>** :(१) कुनै सरकारी निकायबाट विशेष परिस्थितिमा छोटो अवधिका लागि स्वयंसेवकको माग भई आएमा यस परिषद् वाट कार्यक्षेत्रमा खटाइएका स्वयंसेवक लाई कार्यालयले काममा लगाउन सक्नेछ।

२४. **<u>अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था</u>** : (१) स्वयंसेवक परिचालक निकाय तथा स्वयंसेवकको अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) स्वयंसेवकले गरेको कार्यहरुको अनुगमन स्वयंसेवक परिचालन गर्ने नियकायबाट गरिनेछ,

(ख) सम्बन्धित निकायबाट स्वयंसेवकले गरेका कार्यको अनुगमन भए/नभएको विषयमा मन्त्रालयबाट आवश्यकता अनुरुप स्वयं वा तेस्रो पक्ष संलग्न गराई स्थलगत अनुगमन गर्नेछ,

(ग) स्वयंसेवक परिचालन गर्ने निकायहबाट चौमासिक रुपमा अनुगमन प्रतिवेदन मन्त्रालययमा पठाउनु पर्नेछ,

२५. **<u>संशोधन सम्बन्धी व्यवस्था</u>** : यस कार्यविधिमा व्यवस्था गरिएका प्रावधानहरु संशोधन गर्नु परेमा युवा हेर्ने मन्त्रालयले गर्नेछ ।

२६. **<u>वाधा अडकाउ फुकाउन सक्ने</u>** : यो कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अडकाउ आइपरेमा मन्त्रालयले वाधा अडकाउ फुकाउन आवश्यक निर्णय लिन सक्नेछ।

२७. **<u>खारेजी र बचाउ</u>** : यो कार्यविधि लागू हुनु भन्दा पूर्व स्वयंसेवा सम्बन्धमा भए गरेका कार्यहरु यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ ।

अनुसूची - १

(दफा १९ को उप दफा (१) सँग सम्बन्धित)

स्वयम सेवकको जीवन निर्बाह भत्ता

| क्रस | स्वयम सेवकको योग्यता | जिल्लाको बर्गिकरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | क बर्ग | ख बर्ग | ग बर्ग | घ बर्घ | ङ बर्ग | च बर्ग | | |
| ०१ | स्नातकोतर उत्तिर्ण (प्राबिधिक) | | | | २०,००० | १९,८०० | १९,२०० | | |
| ०२ | स्नातकोतर उत्तिर्ण (अप्राबिधिक) | | | | २०,००० | १९,८०० | १९,२०० | | |
| ०३ | स्नातक (प्राबिधिक) | | | | १९,८०० | १९,२०० | १८,६०० | | |
| ०४ | स्नातक (अप्राबिधिक) | | | | १९,६०० | १९,००० | १९,४०० | | |
| ०५ | प्लस टु उतीर्ण (प्राबिधिक) | | | | १९,००० | १८,६०० | १८००० | | |
| ०६ | प्लस टु (अप्राबिधिक) | | | | १७,६०० | १७००० | १६,४०० | | |
| ०७ | प्रबेशिका उतीर्ण (प्राबिधिक) | | | | १६,४०० | १६,००० | १५,००० | | |
| ०८ | प्रबेशिका उतीर्ण (अप्राबिधिक) | | | | १६,४०० | १६,००० | १५,००० | | |

नोटः स्वयंसेवकहरुलाई कार्यालयले तथा सम्बन्धित निकायले कार्यालयको काममा अन्यत्र जिल्लामा खटाएमा नियमानुसारको दैभ्रभ पाउनेछन् ।

जिल्लाको वर्गीकरण

घ बर्गमा पर्ने जिल्लाहरु

१. रसुवा

ङ वर्गमा पर्ने जिल्लाहरु

१. रामेछाप
२. दोलखा
३. सिन्धुपाल्चोक
४. काभ्रेपलान्चोक
५. धादिङ
६. सिन्धुली
७. नुवाकोट

च वर्गमा पर्ने जिल्लाहरु

१. मकवानपुर
२. चितवन
३. काठमाडौ
४. ललितपुर
५. भक्तपुर

द्रष्टव्यः उल्लिखित जिल्लाको वर्गीकरण राष्ट्रिय विकास स्वयं सेवक परिचालन कार्यविधि, २०७४ अनुसार गरिएको हो ।

अनुसूची -२

(दफा १९ को उप दफा (२) सँग सम्बन्धित)

कार्यशर्तहरू

(१) युवा स्वयं सेवकहरुको कार्यशर्त

(क) प्रदेश युवा परिषद्ले तोके अनुसारको सम्बन्धित जिल्लाको युवा समितिको प्रशासनिक नियन्त्रणमा रही तोकिएको कार्य गुणस्तरीय ढङ्गबाट सम्पादन गर्नुपर्ने छ,

(ख) जिल्ला स्तरमा प्रदेश युवा परिषद्का कार्यहरुको प्रचार प्रसार,जनचेतना जगाउने र लगायत प्रदेश सरकारद्धारा सञ्चालित तथा परिषद्का अभियानहरुमा संलग्न भई कार्य गर्नुपर्ने छ,

(ग) आफूले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धि प्रस्तुत हुनेगरी तोकिएको सूचकाङ्कमा आधारित भई मासिक प्रगति प्रतिबेदन तयार गर्नुपर्ने छ,

(घ) जिल्ला तथा प्रदेश स्तरमा वातावरण संरक्षण, साक्षरता अभियान, बिपदमा शिक्षा तथा युवा लक्षित कार्यक्रमहरुमा सहजकर्ताको रुपमा कार्य गर्नुपर्ने छ,

(ङ) जिल्ला स्तरमा स्वयंसेवी क्रियाकलापहरुमा सहभागी हुने र स्वयंसेवी भावनाको प्रवर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,

(च) समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरुको विरुद्धमा जनचेतना अभिबृद्धि गर्न सक्रिय हुनुपर्ने छ,

(छ) आफू कार्यरत स्थानको तथा अन्य स्वयंसेवकहरुसँग समन्वय र सम्पर्क गरी एक अर्काको कार्यमा सहयोग आदन प्रदान गर्नुपर्ने छ,

(ज) आफू कार्यरत जिल्लामा प्रदेशले तोकेको जिल्ला युवा समितिको प्रत्यक्ष समन्वय र सम्पर्कमा तथा मुख्य गरी प्रदेश युवा परिषद्को अधिनमा रही कार्य गर्नुपर्ने छ,

(झ) आफू खटिएको कार्यालयको पूर्व स्वीकृति बेगर सेवा छाड्न पाइने छैन,

(ज) यसमा तोकिएको बाहेक प्रदेश निर्देशक समिति वा कार्यकारी समिति वा कार्यालय प्रमुखले आवश्यकता अनुसार लगाइएको सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ।